# ८ योसियाको सुधार

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ इतिहास ३३, हबकूक १:२-४, २ राजा २२, फिलिपीहरूलाई २:३-८, २ राजा २३:१-२८ र १ कोरन्थी ५:७।

*<u>स्मरण गर्नुपर्ने मूल सार पद:</u>* "२५ आफ्नो सारा हृदय, प्राण र शक्तिले मोशाका सबै व्यवस्था मानेर परमप्रभुतर्फ त्यसरी फर्केका कुनै पनि राजा योशियाहजस्तै अघि वा पछि कहिल्यै भएको छैन।"

प्रायजसो छोराछोरीहरू ठूलो भएपछि आमाबाबुबाट पर बस्ने स्वभाविकै हो। तिनीहरू आमाबाबुको नियन्त्रणमा हुँदैनन्। तर आमाबाबुबाट स्वतन्त्र भयो भन्दैमा जथाभावी जीवन अपनाएर छोराछोरीहरू बिग्रन्छन् वा जानाजानी नोक्सान पुऱ्याउने गलत निर्णय गर्दै हिँड्छन् भने त्यो जीवन हेर्न आमाबाबुलाई कतिको कठिन हुन्छ। त्यो केवल आमाबाबुलाई मात्र थाहा हुन्छ। हृदयमा पर्ने चोट केवल आमाबाबु र छोराछोरीहरूलाई मात्र लागु हुँदैन। बिध्वंसको बाटो अपनाएर आफन्त तथा मित्रहरू बिग्रन्दा कसको हृदय दुःखित हुँदैन होला? दुर्भाग्यवस, यो आत्मनिर्णयको अधिकारको नकारात्मक पक्ष हो। यदी गलत नैतिक वा मौलिक निर्णय गर्ने अधिकार भएन भने पनि त्यो आत्मनिर्णयको स्वतन्त्रताको कुनै अर्थ हुँदैन। जे ठीक छ त्यही मात्र गर्न पाउने अधिकार पनि सही स्वतन्त्रता होइन। आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता भनेको गलत र सही नैतिक तथा मौलिक निर्णय गर्ने अधिकार हुनु हो।

प्रायजसो बाइबलका कथाहरू गलत निर्णय गरेर भ्रष्ट नहोऊ भन्ने परमेश्वरको चेतावनीको आवाजले भरिएका छन्।

यर्मियाको पुस्तकको अधिकांस भागहरू पनि परमेश्वरको त्यही मर्मले भरिएका छन्। आफूले चुनिएका राष्ट्रले गलत निर्णय गरेर नबिग्रियोस् भन्ने आत्मनिर्णय र स्वविवेकको स्वतन्त्रतालाई सम्मान गर्ने परमेश्वरको हृदयविधारक क्रन्धनहरूले यर्मियाद्वारा मानिसहरूलाई पोखाउनुहुन्छ। दुर्भाग्यवस परमेश्वरको कुरा नसुनी मानिसहरू भ्रष्ट कसरी भए भनेर तिनीहरूको पर्दाफास गरिएको कथाहरूले बाइबल भरिएतापनि यस अध्यायमा आशाको किरणले छाएको कथातिर हामी ध्यान पुऱ्याउनेछौं। केही राजाहरूमा एक राजाले आफ्नो आत्मनिर्णयको अधिकारलाई प्रयोग गरेर परमेश्वरको नजरमा जे ठीक थियो त्यही गरेका थिए सो को बारेमा हामी हेर्ने छौं।

## १. मनस्से र आमोनको राज्यकाल

हामी वस्तुगत वा अरूको बारेमा छलफल गर्न जतिसुकै मन पराएतापनि अर्थात् अरू जस्तो छ त्यसको चिन्तन गर्न मनपराएतापनि हामी मानव भएको कारणले हामी व्यक्तिगत जीवनको नैराश्यपनाबाट आँखा चिम्लन सक्दैनौं। संसार कस्तो छ त्यसको यथार्थप्रति हामी ध्यान दिन त्यति सक्दैनौं तर हामी को हौं र के गर्दैछौं भन्ने प्रश्नले हामीहरूको यथार्थतालाई उदाङ्ग पारिरहेकोबाट हामी पन्छिन सक्दैनौं। हामीहरू पापमा पतित र भ्रष्ट भएको कारणले हामीहरूको वरिपरि रहेको संसारलाई हेर्ने दृष्टिकोण र त्यसबाट हामीलाई पार्ने प्रभावबाट हामी उम्कन सक्दैनौं। यदि होइन भने, यहूदाको राजा मनस्से जो ई,पू, ६८६-६४३मा राज गरेका थिए, उनको र अरूको चर्तकलाको बारेमा हामीले कसरी व्याख्या गर्ने त? त्यो यहूदाको निम्ति अन्धकारको युग थियो किनभने त्यसबेला यहूदाका मानिसहरूले सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वरलाई त्यागेर मनपरि मानव निर्मित देवताहरूको उपासना गर्ने भयङ्कर आपत्तिजनक बाटोमा लागेका

थिए। परमेश्वरको बारेमा थाहा पाएर पनि उनको दिमागमा जघन्य आपत्तिजनक क्रियाकलाप उब्जाएर यहूदाका मानिसहरूलाई त्यही बाटो अपनाउन कसरी उक्साउन पुगे भनेर कल्पना गर्न त्यति सजिलो नभएको पाउँछौं।

दोस्रो इतिहास ३३ पढ्नुहोस। राजा मनस्से कतिको भ्रष्ट भएको रहेछ भनेर त्यस कथामा उल्लेख गरिएको छ। तर त्यो भन्दा बेसी उनको पतित जीवनको बावजुद पनि परमेश्वरले आफ्नो सदाशयता देखाएर उनलाई क्षमा दिने चाहनाबाट हामीले सिक्नुपर्ने पाठ अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ। हेर्नहोस्: “मनश्शे राजगद्दी आरोहण गर्दा बाह्र वर्षका थिए। तिनले पचपन्न वर्ष यरूशलेममा राज्य गरे।२ परमप्रभुले इस्राएलीहरूका सामुन्नेबाट धपाउनुभएका जातिहरूका घिनलाग्दा चालहरूमा हिँड़र तिनले परमप्रभुको दृष्टिमा जे खराब थियो त्यही गरे। ३ तिनका पिता हिजकियाले नाश गरेका डाँड़ाका थानहरू तिनले फेरि बनाए। तिनले बाल देवताहरूका निम्ति वेदीहरू खड़ा गरे, अनि अशेरा देवीका मूर्तिहरू बनाए। तिनले आकाशका सारा तारामण्डलको सामु निहुरेर तिनलाई पुजे। ४ तिनले परमप्रभुको मन्दिरमा वेदीहरू बनाए, जुन त्यस मन्दिरको विषयमा परमप्रभुले यसो भन्नुभएको थियो, “यरूशलेममा नै मेरो नाउँ सदासर्वदाको लागि रहनेछ।” ५ तिनले आकाशका सारा तारामण्डलको निम्ति परमप्रभुको मन्दिरका दुवै चोकमा वेदीहरू बनाए। ६ तिनले आफ्ना छोराहरूलाई बेन-हिन्नोमको बेंसीमा आगोमा होम गरे। तिनले टुनामुना गरे र जोखना हेरे। तिनले मन्त्रतन्त्र गरे र भूतप्रेत र पिशाचहरू खेलाए। तिनले परमप्रभुको दृष्टिमा साह्रै खराबी गरे र उहाँलाई रीस उठाए। ७ तिनले बनाउन लाएको मूर्ति परमेश्वरको मन्दिरभित्र राखे, जुन मन्दिरको विषयमा परमप्रभुले दाऊद र तिनका छोरा सोलोमनलाई यसो भन्नुभएको थियो, “मैले इस्राएलका सबै कुलहरूमध्ये चुनेको यो मन्दिर र

यरूशलेममा म सदासर्वदाको निम्ति मेरो नाउँ राख्नेछु। ८ यदि
तिनीहरूले मेरा सबै आज्ञा मानेर मेरो दास मोशाले तिनीहरूलाई
दिएका सबै विधिविधान र नियमहरू होशियारसित पालन गरे भने,
मैले तिनीहरूका पुर्खा-हरूलाई दिएको देशबाट इस्राएलीहरूलाई
म फेरि पर हटाउनेछैनँ।" ९ तर परमप्रभुले इस्राएलको सामुन्ने
नाश गरेका जातिहरूले भन्दा पनि धेरै खराबी गरेर मनश्शेले
यहूदा र यरूशलेमका बासिन्दाहरूलाई कुपथमा चलाए। १०
मनश्शे र तिनका मानिसहरूसित परमप्रभु बोल्नुभयो, तर
तिनीहरूले वास्ता गरेनन्। ११ यसैकारण परमप्रभुले तिनीहरूका
विरुद्धमा अश्शूरका राजाका सेनापतिहरू ल्याउनुभयो। उनीहरूले
मनश्शेलाई पक्रे, तिनको नाकमा बल्छी लगाए, र तिनलाई
काँसाका साङ्लाले बाँधेर बेबिलोनमा ल्याए। १२ आफ्नो कष्टमा
तिनले परमप्रभु आफ्ना परमेश्वरको निगाह खोजे, अनि आफ्ना
पुर्खाहरूका परमेश्वरकहाँ विनम्र भएर झुके। १३ जब तिनले
प्रार्थना गरे, तब परमेश्वरले तिनको अर्ज-बिन्ती सुनेर तिनको
प्रार्थना ग्रहण गर्नुभयो। उहाँले तिनलाई यरूशलेममा फेरि
फर्काएर ल्याउनुभयो, र तिनलाई राजगद्दीमा बसाल्नुभयो। तब
मनश्शेलाई परमप्रभु नै परमेश्वर हुनुहुँदोरहेछ भन्ने थाहा भयो।
१४ त्यसपछि तिनले गीहोन नदीको पश्चिमपट्टिदेखि ओफेल डाँड़ा
घेरेर माछा ढोकासम्म दाऊदको सहरका बाहिरको पर्खाल फेरि
बनाए। तिनले त्यो पर्खाल धेरै अल्गो बनाए। तिनले यहूदाका
किल्ला भएका सबै सहरहरूमा सेनापतिहरू पनि खटाइदिए। १५
तिनले विदेशी देवताहरू र खोपेर बनाएका मूर्ति परमप्रभुको
मन्दिरबाट हटाए, र मन्दिरको डाँड़ा र यरूशलेममा तिनी आफैले
बनाएका सबै वेदीहरू पनि हटाइदिए अनि तिनले ती सबैलाई
सहरबाट बाहिर फ्याँकिदिए। १६ त्यसपछि तिनले परमप्रभुको
वेदी फेरि खड़ा गरेर त्यसमा मेलबलि र धन्यवाद बलि चढ़ाए, र
यहूदालाई परमप्रभु इस्राएलका परमेश्वरको सेवा गर्नू भनी हुकुम

दिए। १७ तापनि मानिसहरूले डाँड़ाका थानहरूमा बलिदानहरू चढ़ाउँदैरहे, तर परमप्रभु तिनीहरूका परमेश्वरको निम्ति मात्रै चढ़ाए। १८ मनश्शेको राजकालका अरू घटनाहरू, र तिनका परमेश्वरलाई चढ़ाएको तिनको प्रार्थना र परमप्रभु इस्राएलका परमेश्वरको नाउँमा दर्शीहरूले तिनलाई बोलेका वचनहरू इस्राएलका* राजाहरूका इतिहासको पुस्तकमा लेखिएका छन् (२राजा २१:१७-१८)। १९ आफैलाई विनम्र तुल्याउन अघि तिनको प्रार्थना र परमेश्वरले कसरी तिनको अर्ज-बिन्ती ग्रहण गर्नुभयो, अनि तिनका सबै पाप र अविश्वासका काम, तिनले बनाएका डाँड़ाका थानहरू र अशेरा देवीका खम्बा र मूर्तिहरू– यी सबै दर्शीहरूका इतिहासको पुस्तकमा लेखिएका छन्। २० मनश्शे आफ्ना पित्रहरूसित सुते, र आफ्नो महलमा गाड़िए। तिनीपछि तिनका छोरा अमोन राजा भए। २१ राजगद्दी आरोहण गर्दा अमोन बाईस वर्षका थिए। तिनले यरूशलेममा दुई वर्ष राज्य गरे। २२ तिनका पिता मनश्शेले गरेझैं तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। तिनले आफ्ना पिता मनश्शेले बनाएका सबै मूर्तिहरूलाई बलिदान चढ़ाए र तिनको पूजा गरे। २३ तर आफ्ना पिता मनश्शेले झैं तिनले परमप्रभुको सामुन्ने आफैलाई विनम्र पारेनन्। तिनको अपराध झन् बढ़ी भयो। २४ अमोनका अधिकारीहरूले तिनको विरुद्धमा षड्यन्त्र रचे, र तिनलाई तिनको आफ्नै महलमा मारे। २५ तब देशका मानिसहरूले राजा अमोनको विरुद्धमा ती सबै षड्यन्त्र गर्नेहरूलाई मारे, र तिनको छोरा योशियाहलाई तिनको सट्टामा राजा बनाए।"

**शत्रुदेश बेबिलोनको राजाले आफ्नो देशमाथि हमला गरेर आफूलाई युद्धवन्दी बनाएर नाकमा प्वाल पारेर अंकुश लगाउँदै पित्तलको सिक्रिले बाँधिन्दै तानिन्दै लगिनुपर्दा परमेश्वरलाई त्याग गर्दा आफ्नो गतिको दुर्गतिको बारेमा सोच्नुपर्ने वाध्य राजा मनश्शेलाई भएको थियो। यद्यपि मनश्शेले हृदयदेखि पश्चाताप**

गरेका थिए भनेर माथिका पदहरूले स्पष्ट रूपमा बताउँछन्। जब फेरि उनलाई आफ्नो राजगद्दीमा फेरि बसालिएर उनको राज्यलाई उनलाई नै सुम्पे तब आफूले गरेका गलत कामहरू र आफूले बिगारेका चर्तिकलाहरूलाई सुधार गर्न तम्सिन पुगेका थिए। तर दुर्भाग्यबस उनले गरेको बिगार उनले सोचेको भन्दा ठूलो थियो।

"तर उनले गरेको पश्चाताप जतिसुकै उल्लेखनीय भएतापनि उनको बर्षौंसम्म मानव आविश्कारिक देवीदेवताहरूलाई पूजा गर्ने र गर्न लगाउने भ्ष्ट चलनको जरा यतिसम्म गाडिएको थियो कि उनले जे गरेतापनि आफ्नो राज्यलाई उनले बचाउन सकेको थिएन। उनको राज्यमा कतिपय मानिसहरूले हण्डर खाए र पतित भए जसले गर्दा तिनीहरूले फेरि आफ्नो टाउको उचाल्न सकेको थिएन।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंग्स,* पृ. ३८३बाट रूपान्तरित। उनको विगतको पतित जीवनले मानिसलाई कतिको नराम्रो प्रभाव पारे भन्दा उनको आफ्नै छोरो आमोन ज्वलन्त उदाहरण हुनपुगेको थियो। जब मनश्शेको मृत्युभयो तब आमोन आफ्नो पिताको राजगद्दिमा बसे। तर उनले "परमेश्वरको दृष्टिमा उनको बाबु मनश्शेले जस्तै दुष्ट काम गरे। उनको बाबु मनश्शेले स्थापना गरेका र पूजा गरेका हातले कुँदिएका मूर्तिहरूलाई बलि चढाए र तिनीहरूको पूजा तथा सेवा गरे।" (२ इतिहास ३३:२२ रुपान्तरित)। अझ झन नराम्रो त, आमोनले उनको बाबु मनश्शेले जस्तै कहिलै पनि पश्चाताप गरेनन् र परमेश्वरको मार्गमा हिंड्न आफ्नो बाटो कहिले पनि सुधारेनन्।

क्षमा पाइसकेतापनि आफूले गरेको पापको परिणामबाट नराम्रोसँग भोगिने कुरा व्यक्तिगत रूपमा कसलाई थाहा नहोला? पापमाथि बिजय पाउन सक्ने परमेश्वरका प्रतिज्ञाहरूलाई तपाईंले कतिको दावी गर्न सक्नुहुन्छ? पापले ल्याउने जघन्य परिणाम भोग्नुपर्ने भन्दा अघि नै ती प्रतिज्ञाहरूलाई आत्मसात् गर्न तपाईं किन पछि पर्ने?

## २. नयाँ राजा

एक जना प्रचारकले भनेका थिए "केको लागि तपाईं प्रार्थना गर्नुहुन्छ त्यसमा होशियार हुनुहोस किनभने तपाईंले मागेको कुरा पाउन सक्छ।" आफ्ना देशका वरिपरि रहेका राष्ट्रहरूमा भएका राजाहरू जस्तै इस्राएलले पनि चाहना गरेको थियो र प्रार्थना गरेको थियो। तिनीहरूले जे मागेका थिए सो पाएका थिए। न्यायकर्ताहरूको नेतृत्वपछि इस्राएलको इतिहास ती राजाहरूले रङ्गिएको पाउँछौं जो सत्तामा आएपछि आफूहरू भ्रष्ट भए र राष्ट्रलाई पनि भ्रष्टमार्गमा खाँदिए।

यद्यपि, इतिहासमा जहिले पनि अपवादको रूपमा कोही न कोही खडा हुन गएको पाइन्छ। त्यसमा राजा योशियाको नाउँ उल्लेखनीय छ। यनी ई.पू. ६३९मा राजा भएका थिए र उनी ६०८सम्म इस्राएलमा राज गरे।

इस्राएको इतिहासको कुन परिवेशमा नयाँ राजा गद्दी आरोहन गर्न पुगेका थिए? हेर्नुहोस् २ राजा ३३:२५ "२५ तब देशका मानिसहरूले राजा अमोनको विरुद्धमा ती सबै षड्यन्त्र गर्नेहरूलाई मारे, र तिनको छोरा योशियाहलाई तिनको सट्टामा राजा बनाए।"

प्रजातन्त्रमा जनताहरू मिलेर उचित मानिसलाई देशको नेतृत्व चुन्ने अधिकार भएतापनि यहोशियालाई राजा बनाउने मामिलामा त्यसरी काम गरेको देखिँदैन। यद्यपि राजाहरूले अति गरेको मानिसहरूले महसुस गरे र तिनीहरूको के चाहना थियो सो सामुहिक रूपमा पोखाउन पुगे र तिनीहरूले जे चाहेका थिए सो गर्न तम्सिन पुगे। देश अत्यन्त भद्रगोलको परिस्थितिमा खाँदिरहेको बेलामा युवक राजाले गद्दि चढे। राजाहरूसमेतको अगुवाईमा मानिसहरू सनातन सृष्टिकर्ता परमप्रभु जगतका स्वामी परमेश्वरको उपासना गर्न छोडेका थिए। त्यस देशमा हिंसा चर्किएको थियो। सरकारको उच्च तहमा पनि हिंसा तथा भ्रष्टाचारले पौडि खेल्न

पुगेको थियो। दरवारमा र धार्मिक क्षेत्रमा जुन् भ्रष्टले रजाईं गर्न पुगेको थियो त्यसले गर्दा परमेश्वरप्रति बफादार हुने र उहाँको प्रतिज्ञालाई पकडिरहने देशकाले धेरै मानिसहरूले पौराणिक इस्राएललाई परमेश्वरले दिनुभएको प्रतिज्ञा पूरा हुने हो कि नहुने भन्ने कुरामा शशङ्कित हुन पुगेका थिए। "मानविय दृष्टिकोणले हेर्दा परमेश्वरले चुन्नुभएको राष्ट्रले उहाँको लक्ष्यलाई पूरा गर्न झण्डै असम्भव देखिएको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३८४बाट रूपान्तरित।

परमेश्वरप्रति बफादार भएका मानिसहरूको चिन्ता तथा भावनाहरू अगमवक्ता हबकूकले आफ्नो पुस्तक हबकूक १:२-४मा यसरी व्यक्त गरेको पाइन्छ "२ हे परमप्रभु, कहिलेसम्म सहायताको निम्ति मैले पुकार गर्ने, तर तपाईं सुन्नुहुन्न? अथवा "उपद्रव" भनी म तपाईंमा कहिलेसम्म पुकारा गर्ने, तर तपाईं बचाउनुहुन्न? ३ तपाईं मलाई किन अन्याय हेर्न लाउनुहुन्छ? तपाईं किन अनुचित कुरा सहनुहुन्छ? नाश र उपद्रव मेरै सामु भइरहेका छन्। झगड़ा र विवाद चारैतिर छन्। ४ यसैकारण व्यवस्था मन्द हुँदैजाँदैछ, र न्याय कहिल्यै प्रबल हुँदैन। दुष्टहरूले धर्मीहरूलाई घेर्छन्, यसैले न्यायको दुरुपयोग हुन्छ।"

दुर्भाग्यवस, इस्राएलमा भएका अधर्म, पाप, हिंसा, आन्तरिकद्वन्द र विधि तथा कानुन अनुसार चल्न नचाहने समस्यालाई तार्न उत्तर बेबिलोन देशलाई परमेश्वरले प्रयोग गर्नुभएको थियो। पथभ्रष्टभएका मानिसहरूलाई तह लगाउन शत्रु देश बेबिलोन हुनपुगेको थियो। बाइबलमा दिएका सन्देशहरूलाई हामीले हेर्‍यौं भने भ्रष्ट मानिसहरूलाई तह लगाउन बिदेशी शक्तिको आवश्यकता थिएन। तर तिनीहरूले पश्चाताप गरेर परमेश्वरको सुमार्गमा हिंड्न अश्वीकार गरेकोले परमेश्वरले पनि आफूले दिने इस्राएलको सुरक्षाबाट हात निकाल्नुभएको थियो। इस्राएलमा जनता

र शासक वर्गले ल्याएका आफ्नो पापहरूको सजायँ तिनीहरू आफैले नै ल्याएका थिए।

मानव दृष्टिकोणले परमेश्वरको लक्ष्य पूरा हुन असम्भव देखिएको कतिपटक हामीले देखेका छौं? हामीहरूको जीवनलाई त्यस्तो विश्वासमा किन ढाल्नुपर्छ जुन् हामीले पूरा नबुझेतापनि उहाँमाथि भरोसा राख्न अग्रसर हुनुपर्छ?

## ३. योशियाले गद्दि सम्हाल्छन्

जुन वातावरणमा बालक योशियाले राजगद्दी सम्हाल्न पुगे त्यसबाट उचलिएर उनले उल्लेखनीय गुणिलो चरित्र कसरी देखाए भनेर २ राजा २२:१,२ले यसरी बताउँछन् “१ जब योशियाह राजा भए तब तिनी आठ वर्षका थिए, र तिनले यरूशलेममा एकतीस वर्ष राज्य गरे। तिनकी आमाको नाउँ अदायाहकी छोरी यदीता थियो। तिनी बोस्कतकी थिइन्। २ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे। तिनी देब्रे-दाहिने नलागी आफ्ना पुर्खा दाऊदकै सबै चालहरूमा हिँड़े।"

जुन वातावरणमा यहोशिया हुर्के त्यसमा उनी भ्रष्ट र दुष्ट हुनुपर्नेमा कसरी उल्लेखनीय गुण उनले देखाउन पुगे भनेर बाइबलले व्याख्या गरेको छैन। मानविय दृष्टिकोणले हेर्दा उनी पनि उनका पिता जस्तै दुष्ट हुनुपर्ने थियो। तर आफ्नो बाबुको दुष्ट चाल हेर्न वाध्य भएका योशियाले आफू राजा भएपछि आफ्नो चरित्र आफ्नो बाबुभन्दा अत्यन्त फरक भएको देखाएको थियो। जुनसुकै कारणले र केही हदमा सिमितै भएतापनि उनले सकारात्मक बाटो अपनाएर राष्ट्रलाई ठूलो प्रभावमा पारेका थिए।

मन्दिरको मामिलामा राजा योशियाले के गरे भनेर २ राजा २२मा बताउँछ। राजा सोलोमनले त्यस मन्दिरलाई समर्पण गरेको समयदेखि राजा योशियाको सुधारको वर्ष (ई,पू. ६२२)को बीचमा धेरै वर्षहरू नाघीसकेको थियो। उनको अघिका राजाहरूले यरुशलेमको पवित्र मन्दिरलाई राम्रोसँग हेरचाह गरेका थिएनन्।

एक फेरा भव्य र सुन्दर मन्दिर समय बित्दै जाँदा भत्किन पुगेको थियो। धेरै वर्षसम्म सम्भार नगरेको मन्दिरमा परमेश्वरको आराधना गर्न अयोग्य हुन पुगेको राजाले देखेका थिए।

परमेश्वरको मन्दिरको दुर्गतीको बारेमा थाहा पाउँदा राजा योशियाले के गरे? हेर्नुहोस् २ राजा २२:३-७ "३ आफ्नो शासनकालको अठारौं वर्षमा योशियाह राजाले मशुल्लामका नाति, असल्याहका छोरा सचिव शापानलाई परमप्रभुको मन्दिरमा पठाए। ४ तिनले भने, "प्रधान पूजाहारी हिल्कियाहकहाँ जाऊ, र ढोकेहरूले मानिसहरूबाट ग्रहण गरेका, परमप्रभुको मन्दिरमा ल्याइएको रुपियाँपैसा तयार राख्नू भनी तिनलाई भन। ५ मन्दिरका मुख्य कर्मचारीहरूका हातमा त्यो दिनू, र तिनीहरूले परमप्रभुको मन्दिर मर्मत गर्ने मानिसहरूलाई दिऊन्। ६ अर्थात् सिकर्मी, डकर्मी र निर्माण गर्नेहरूलाई। मन्दिर मर्मतको निम्ति काठपात र काटेका ढुङ्गाहरू तिनीहरूले किनून्। ७ तिनीहरूलाई दिइएको रकमको हरहिसाब तिनीहरूले नलिऊन्, किनभने तिनीहरू विश्वाससित काम गरिरहेका छन्।"

वर्तमान परिप्रेक्ष्यमा भन्ने हो भने राजा योशियाले आफ्नो अर्थ मन्त्री मूल पूजारीकहाँ पठाएर मन्दिरको जिर्णोद्धार गर्ने योजना बनाउन अऱ्हाए । त्यसको निम्ति चाहिने सबै सामग्रीहरू जुटाउन र मन्दिरलाई मर्मत गर्न आवश्यक निर्माणकर्ताहरू र श्रमिकहरू नियुक्त गर्न राज्यको ढुकुटी खुला गरेको त्यस मन्त्रीले पूजारीलाई बताएको थियो। मन्दिरको निर्माणमा लागेको खर्चको लेखाजोखा राख्न नपर्ने भनेर पनि स्पष्ट पारेको थियो। मानिसहरू इमान्दारसाथ काम गर्न अपेक्षा गरेकोले खर्चको हिसाब राख्नु नपरेको जनाएको थियो। जुनसुकै कारण भएतापनि राजाले मन्दिरको मर्मत गर्ने मानिसहरूलाई त्यो काम सम्पन्न गर्न विश्वासमा छोडेको थियो र तिनीहरूले पनि त्यस विश्वासलाई सम्मान गरेका थिए भनेर लेखाले बताउँछ।

मन्दिरको (वा चर्चको) पुननिर्माण गर्नु अत्यन्त सराहनीय काम हो। तर आत्मिक पुनर्जागरण र सुधार गर्न अझ त्यो भन्दा बेसी निर्णायक कदम हामीहरूले के चल्नु पर्छ? हेर्नुहोस् फिलिप्पी २:१-८ “१ यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने, २ तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर। ३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ सम्झ। ४ तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। ५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा  मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो,  र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"

## ४. व्यवस्थाको पुस्तक

**युगौं सम्म महत्त्वपूर्ण रहेको इस्राएलीहरूको आराधनाको केन्द्र पवित्र मन्दिरको पुननिर्माण महत्त्वपूर्ण थियो तर मानव इतिहासमा त्यसले नै सर्वोच्च प्राथमिकता पाउनपर्ने आवश्यक थिएन। भव्य, सुन्दर, विशाल र गौरवमय मन्दिर जहाँ परमेश्वरको शक्ति र महानताको प्रदर्शन गरिन्छ त्यसले मात्र मानिसहरूको जीवनमा धार्मिक तथा पवित्र चरित्रलाई उब्जाउन पर्याप्त हुँदैन। इसाई धार्मिक इतिहास नै त्यस्ता प्रवृत्तिले रङ्गिएको पाउँछौं जहाँ कतिपय मानिसहरू कुनै भव्य र सुन्दर चर्चमा आराधना गर्न एक क्षणमा पुग्छन् भने त्यस भव्य स्थलमा सिकेको पाठले नै उक्साएर अर्को क्षणमा जघन्य अपराध गर्न पुगेको हुन्छ (हालसालै २०१५को सुरू सुरूमा एक जना गोरा इसाईले अमेरिकाको एक**

काला जाति आराधना गर्ने चर्चमा गएर तिनीहरूलाई अन्धाधुन्ध **गोली चलाएर हत्या गरेको संसारको सबै छापाहरूले प्रसार गरेको थियो)।**

मन्दिरको पुननिर्माण कार्यक्रममा के भएको थियो जसले गर्दा योशियाले महत्त्वपूर्ण तथा प्रभावकारी प्रतिक्रियाव्यक्त गर्न पुगे? हेर्नुहोस् २ राजा २२:८-११ "८ प्रधान पूजाहारी हिजकियाले सचिव शापानलाई भने, "मैले परमप्रभुको मन्दिरमा व्यवस्थाको पुस्तक भेट्टाएको छु।" तिनले त्यो शापानलाई दिए, र तिनले त्यो पढ़े। ९ तब सचिव शापान राजाकहाँ गएर तिनलाई भने, "हजूरका अधिकारीहरूले परमप्रभुको मन्दिरमा भएको रकम लिएर मन्दिरमा काम गर्नेहरू र कामको हेरचाह गर्नेहरूलाई दिएका छन्। १० त्यसपछि सचिव शापानले राजालाई यो सूचना दिए, "प्रधान पूजाहारी हिजकियाले मलाई एउटा पुस्तक दिएका छन्।" अनि शापानले त्यो राजाको सामुन्ने पढ़ेर सुनाए। ११ जब राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुने, तब तिनले आफ्ना लुगा च्याते।"

**मन्दिरको जिर्णोद्धार भइरहेको बेलामा त्यस मन्दिरमा पुरिरहेको मोशाले लेखेको व्यवस्थाको पुस्तकलाई भेट्टाएको थियो। त्यो पुस्तकको कुन् भाग थियो वा पूरै थियो कि भन्ने जिज्ञासालाई बाइबलले खुलाएको छैन। त्यो पुस्तक हुनसक्छ, मन्दिरको पर्खालको कुनै भागले पुरिएर हराइराखेको थियो।**

अगमवक्ता हुल्दाको सन्देश २ राजा २२:१२-२० पढ्नुहोस्। त्यो सन्देश के केवल पौराणिक कथाको रूपमा मात्र लिइने हो कि त्यो हाम्रो निम्ति वर्तमान परिप्रेक्ष्यमा पनि उपयोगी छ? हेर्नुहोस्ः "१२ तिनले पूजाहारी हिल्कियाह, शापानका छोरा अहीकाम, मीकायाका छोरा अक्बोर, सचिव शापान र राजाका टहलुवा असायाहलाई यो हुकुम गरेः १३ "मेरो आफ्नै लागि, प्रजाको लागि र सबै यहूदाको लागि यो फेला पारेको पुस्तकमा

के लेखिएको छ भनी गएर परमप्रभुसित सोधपूछ गर। हाम्रा
विरुद्धमा परमप्रभुलाई भयानक रीस उठेको छ, किनभने हाम्रा
पिता-पुर्खाहरूले यस पुस्तकका वचनहरू पालन गरेका छैनन्।
हाम्रा विषयमा त्यहाँ लेखिएका सबै कुराअनुसार तिनीहरूले
व्यवहार गरेका छैनन्।" १४ यसैले पूजाहारी हिल्कियाह,
अहीकाम, अक्बोर, शापान र असायाह राजमहलको लुगाफाटो
हेरचाह गर्ने हरहसका नाति, तिक्भाका छोरा शल्लूमकी पत्नी
अगमवादिनी हुल्दाकहाँ सोधपूछ गर्नलाई गए। तिनी यरूशलेमको
दोस्रो टोलमा बस्थिन्। १५ तिनले तिनीहरूलाई भनिन्, "परमप्रभु
इस्राएलका परमेश्वर यही भन्नुहुन्छः तिमीहरूलाई मकहाँ पठाउने
मानिसलाई भन, १६ "परमप्रभु यसो भन्नुहुन्छः यहूदाका राजाले
पढ़ेको यस पुस्तकमा लेखिएको हरेक कुराबमोजिम म यस स्थान
र त्यसका मानिसहरूमाथि सर्वनाश ल्याउनेछु। १७ तिनीहरूले
मलाई त्यागेका छन्, र अरू देवताहरूलाई धूप बालेका छन्, र
आफ्नै हातले बनाएका सबै मूर्तिहरूद्वारा मलाई रीस उठाएका
छन्। यसैकारण यस स्थानको विरुद्धमा मेरो रीस उठेको छ, र
त्यो शान्त हुनेछैन' । १८ परमप्रभुलाई सोधपूछ गर्न पठाउने
यहूदाका राजालाई तिमीहरूले यही कुरा भन, 'तपाईंले सुन्नुभएको
वचनको विषयमा परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः
१९ तिम्रो हृदय जवाफ दिनलाई उत्सुक भएकोले, र मैले यो देश
र यसका मानिसहरूका विषयमा भनेको कुरा कि तिनीहरू श्रापित
र उजाड़ हुनेछन् भन्ने सुनेर परमप्रभुको सामुन्ने तिमी विनम्र
भएकोले, र तिमीले आफ्नो पोशाक च्यातेर मेरो उपस्थितिमा
विलाप गरेको हुनाले, तिमीलाई मैले सुनेको छु, परमप्रभु
भन्नुहुन्छ। २० यसैकारण म तिमीलाई तिम्रा पित्रहरूसित जम्मा
गर्नेछु, र तिमी शान्तिसित गाड़िनेछौ। यस ठाउँमाथि ल्याउने सबै
सर्वनाश तिम्रा आँखाले देख्नेछैनन्।" तब तिनीहरूले राजाकहाँ यो
जवाफ ल्याए।"

जुन सन्देश यर्मियामार्फत धेरै पल्ट दिइएको थियो त्यही सन्देश परमेश्वरको अगमवक्तानी हुल्दाले सुनएकी थिइन्। जो मानिसहरू परमेश्वरबाट तर्केर आफूले नै बनाएका देवताहरूलाई भगवान भनेर पूजा गर्छन् र कुबाटोमा हिँड्छन् तिनीहरूले आफ्नो चिहान आफैले खनिरहेका थिए। तिनीहरूको कामको परिणाम तिनीहरूले नै भोग्नुपर्ने पर्ने हुन्छ भन्ने सन्देश इस्राएलका जनतालाई सुनाइएको थियो।

"मन्दिर ध्वस्त हुन जाने गतिविधिलाई पन्छाउन सकिँदैन भनेर परमेश्वरले हुल्दामार्फत राजा योशियालाई सुनाउनु भएको थियो। अनेकौं अपराध गरेर आफूमाथि आइपर्ने बिपतबाट बच्न मानिसहरू झुक्न पुगेतापनि तिनीहरूले पाउने सजायँबाट तिनीहरू उम्कन सक्दैन भन्ने स्पष्ट सन्देश देशवासीहरूले सुन्न पुगेका थिए। अपराधिका मानसिकताले तिनीहरूको विवेक यस्तरी मरेको थियो कि यदि तिनीहरूमाथि दण्ड आइएनभने तिनीहरू त्यही पापमय वातावरणमा नै फर्किरहने थिए।

"मलाई पठाउने व्यक्तिलाई यो सन्देश सुनाउनु" अगमवक्तानीले भन्छिन् "परमेश्वरले यसो भन्नुभएको छ "यस स्थानमा नराम्रो कुरा म ल्याउनेछु। यहाँका मानिसहरूलाई बिपत ल्याउनेछु। राजाले सुनेका पुस्तकमा लेखिएका सबै वचनहरू म पूरा गरिछाड्नेछु किनभने तिनीहरूले मलाई त्यागे, आफूले बनाएका अनेकन् देवीदेवताहरूलाई धुप बाल्दै पूजाआजा गरेर तिनीहरूले मेरो रिस उठाउन खोजिएको छ। त्यसकारण यस स्थानमा मेरो क्रोध बज्रिनेछ। त्यो क्रोध हतपत्त शान्त हुनेछैन।" पद १५-१७।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किँग्स, पृ. ३९९बाट रूपान्तरित।

## ५ योशियाको सुधार

इस्राएल देशको सर्वनाश हुने भविष्यवाणीको बारेमा जानकारी भएतापनि राजा योशियाले परमेश्वरको सामु जे ठीक

थियो त्यही गर्ने अठौत गरे। हुनसक्छ इस्राएलमा आइने विध्वंसलाई पन्छाउन सकिँदैन होला। "इस्राएलीहरूको बिरुद्ध स्वर्गले न्यायिक फैसलाको घोषणा गरेतापनि पश्चाताप र सुधार गर्न पाउने अवसरलाई परमेश्वरले हटाउनुभएको थिएन। परमेश्वरले करूणा देखाएर न्याय गर्ने आफ्नो क्रोधलाई साम्य पार्नुहुन्छ भन्ने आत्मज्ञान थाहा पाएर राजा योशियाले आफ्नो शक्तिले भ्यायसम्म देशमा निर्णाएक सुधार ल्याउने प्रतिवद्धता जनाए।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंग्स, पृ. ४००बाट रूपान्तरित।

परमेश्वरको भाऊ खोज्ने राजा योशियाले आफ्ना भ्रष्ट देशवासीहरूको जीवनमा ल्याउन खोजेको सुधारका कामहरू के के हुन् र परमेश्वरले नै चुन्नुभएको राष्ट्रमा भएका नराम्रा गतिविधिहरूले हामीलाई के सिकाउँछन् सो २ राजा २३:१-२८मा बताउँछ। हेर्नुहोस्ः "१ त्यसपछि राजाले यहूदा र यरूशलेमका सबै धर्म-गुरुहरूलाई बोलाइपठाए। २ यहूदाका मानिसहरू, यरूशलेमका बासिन्दाहरू, पूजाहारीहरू र अगमवक्ताहरू, साना-ठूला सबै मानिसहरूसँग तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए। परमप्रभुको मन्दिरभित्र फेला परेको करारको पुस्तकका सबै वचन तिनीहरूले सुन्ने गरी तिनले पढ़े। ३ तब खम्बाको छेउमा उभिएर राजाले परमप्रभुको सामुन्ने करारलाई पुनर्स्थापना गरे– परमप्रभुलाई पछ्याउन र उहाँका आज्ञाहरू, विधिहरू र उर्दीहरू आफ्नो सारा हृदयले र प्राणले पालन गर्न, र यस पुस्तकमा लेखिएका करारका वचनहरू पूरा गर्नलाई परमप्रभुका यी कुराहरू तिनले अनुमोदन गरे। त्यसपछि सबै मानिसहरूले त्यस करारअनुसार हिंड्न आफूलाई धितो राखे। ४ राजाले प्रधान पूजाहारी हिल्कियाह, तिनका पछिको दर्जामुनिका पूजाहारीहरू र ढोकेहरूलाई परमप्रभुको मन्दिरबाट बाल देवता र अशेरा देवी र आकाशका तारामण्डलका म्ति बनाइएका सबै थोक

हटाउनलाई हुकुम गरे। तिनले यी सबै यरूशलेमको बाहिर
किद्रोन खोल्साको मैदानमा जलाइदिए, र खरानीचाहिँ बेथेलमा
लगे। ५ यहूदाका नगरहरू र यरूशलेमका छेउछाउका अल्गा-
अल्गा ठाउँहरूमा धूप बाल्ने पूजाहारीहरू, जुनहरूलाई यहूदाका
राजाहरूले नियुक्त गरेका थिए– उनीहरू जसले बाललाई,
घामलाई र जूनलाई, अनि नक्षत्रहरू र सम्पूर्ण तारामण्डललाई धूप
चढ़ाउने गर्थे। ६ तिनले परमप्रभुको मन्दिरबाट अशेराको खम्बा
निकालेर यरूशलेमको बाहिर किद्रोन खोल्सामा लगेर त्यहीं
जलाइदिए, र धूलोपीठो पारे। अनि तिनले त्यो साधारण मानिसका
चिहानहरूमा छरिदिए। ७ तिनले पुरुष वेश्याहरूका बस्ने घरहरू
भत्काइदिए, जो परमप्रभुका मन्दिरभित्र थिए र जहाँ स्त्रीहरूले
अशेराको निम्ति बुन्ने गर्थे।
८ योशियाहले यहूदाका नगरहरूबाट सबै पूजाहारीहरूलाई
निकाले, र उनीहरूले धूप बाल्ने गरेका गेबादेखि बेर्शेबासम्मका
अल्गा-अल्गा ठाउँमा भएका पूजा गर्ने ठाँउहरूलाई तिनले अपवित्र
तुल्याइदिए। तिनले ढोकाका देवता-थानहरू भत्काइदिए– सहरका
राज्यपाल यहोशूको ढोकाको सामुन्ने, जो सहरको मूल ढोकाको
देब्रेपट्टि छ। ९ यी अल्गा-अल्गा ठाउँहरूका पूजाहारीहरूले
यरूशलेममा परमप्रभुको वेदीमा सेवा गरेनन्, तर उनीहरूले आफ्ना
सङ्गी-पूजाहारीहरूसित अखमिरी रोटी खाने गर्थे। १० मोलोखको
निम्ति कसैले पनि आफ्ना छोरा वा छोरीलाई होम गर्न प्रयोग
नगरोस् भनी बेन-हिन्नोमको बेँसीमा भएको तोपेतलाई तिनले
अपवित्र तुल्याइदिए। ११ परमप्रभुका मन्दिरको द्वारमा यहूदाका
राजाहरूले सूर्यका सम्मानको निम्ति बसालेका घोड़ाहरू
हटाइदिए। तीचाहिँ नातान-मेलेक नाउँका एक जना अधिकृतका
कोठा नजिकको चोकमा थिए। तब सूर्यको निम्ति समर्पण
गरिएका रथहरू योशियाहले जलाइदिए। १२ आहाजको माथिल्लो
कोठा नजिकको कौसीमा यहूदाका राजाहरूले खड़ा गरेका

वेदीहरू, र परमप्रभुको मन्दिरका दुवै चोकमा मनश्शेले निर्माण
गरेका वेदीहरू तिनले भत्काइदिए। तिनले ती त्यहाँबाट हटाएर
ढुङ्गा-रोड़ा पारी किद्रोन खोल्सामा फालिदिए। १३ यरूशलेमको
पूर्वपट्टि भ्रष्ट पारिएको डाँड़ाको दक्षिणपट्टि भएका अल्गा-अल्गा
ठाउँहरू, जुनहरू इस्राएलका राजा सोलोमनले सीदोनीहरूको
घिनलाग्दो देवी अश्तोरेत, मोआबको घिनलाग्दो देवता कमोश र
अम्मोनका मानिसहरूको घृणित देवता मोलोखका निम्ति बनाएका
थिए, ती पूजा-थानहरू पनि तिनले अपवित्र तुल्याइदिए। १४
योशियाहले चोखा ढुङ्गाहरू चूरचूर पारिदिए, र अशेराका खम्बाहरू
काटिदिए र ती ठाउँहरूलाई मरेका मानिसहरूका हड्डीहरूले
भरिदिए। १५ इस्राएललाई पाप गर्न लाएका नबातका छोरा
यारोबामले बनाएका बेथेलमा भएको अल्गो ठाउँ र वेदी पनि
तिनले भत्काइदिए। तिनले त्यो अल्गो ठाउँलाई जलाइदिए र
त्यसलाई धूलोपीठो पारिदिए, र अशेराको खम्बा पनि जलाइदिए।
१६ त्यसपछि योशियाहले यताउता हेरे, र जब तिनले डाँड़ाको
छेउमा भएका चिहानहरू देखे, तब तिनले ती चिहानहरूबाट हड्डी
निकाल्न लाए, र त्यो वेदी अपवित्र तुल्याउनलाई ती हड्डीहरू त्यहीं
जलाइदिए। यी कुराको अगमवाणी गरेका परमेश्वरका जनद्वारा
बोलेको परमप्रभुको वचनबमोजिम तिनले यी काम गरे। १७
राजाले सोधे, "मैले देखेको त्यो स्मारकचाहिँ केको हो त?" त्यस
सहरका मानिसहरूले भने, "त्यो त ती परमेश्वरका जनको
चिहानको चिन्ह हो, जसले यहूदाबाट आएर बेथेलका वेदीको
विरुद्धमा तपाईंले गर्नुभएका सबै कामको अगमवाणी गरेका
थिए।" १८ तिनले भने, "त्यसो भए त्यसलाई चाहिँ छोड़िदेओ।
तिमीहरू कसैले पनि तिनका हड्डीलाई नचलाओ।" यसैले
तिनीहरूले तिनका र सामरियाबाट आएका अगमवक्ताका
हड्डीहरूलाई त्यसै छोड़िदिए। १९ त्यसबाहेक इस्राएलका
राजाहरूले सामरियाका नगरहरूमा बनाएका अल्गाअल्गा

ठाउँहरूका सबै पूजा-स्थानहरू, जसको कारणले परमप्रभुलाई रीस
उठाएका हुनाले योशियाहले बेथेलमा गरेझैं तिनलाई हटाइदिए र
दूषित पारे। २० त्यहाँका अलगा-अलगा ठाउँहरूका सबै
पूजाहारीहरूलाई योशियाहले वेदीहरूमाथि मारे, र ती वेदीहरूमा
तिनले मानिसहरूका हड्डी जलाए। त्यसपछि तिनी यरूशलेममा
फर्के। २१ राजाले सबै मानिसहरूलाई यो हुकुम गरेः “परमप्रभु
आफ्ना परमेश्वरको निस्तार-चाड़ करारको यस पुस्तकमा लेखेझैं
मनाओ।” २२ इस्राएलीहरूलाई अगुवाइ गर्ने न्यायकर्ताहरूका
दिनहरूदेखि र इस्राएलका राजाहरू र यहूदाका राजाहरूको
समयदेखि यसो यस्तो निस्तारचाड़ कहिल्यै मनाइएको थिएन।
२३ तर योशियाह राजाको अठारौं वर्षमा यरूशलेममा परमप्रभुको
निम्ति यो निस्तारचाड़ मनाइयो। २४ त्यसबाहेक परमप्रभुको
मन्दिरमा पूजाहारी हिजकियाले भेट्टाएको व्यवस्थाको पुस्तकमा
लेखिएका कुराहरू पूरा गर्नलाई योशियाहले सबै जोखना हेर्ने, र
भूतप्रेत खेलाउने, सबै घर-देवताहरू र मूर्तिहरू, र यहूदामा र
यरूशलेममा देखिने सबै घिनलाग्दा थोकहरूलाई खतम गरे। २५
आफ्नो सारा हृदय, प्राण र शक्तिले मोशाका सबै व्यवस्था मानेर
परमप्रभुतर्फ त्यसरी फर्केका कुनै पनि राजा योशियाहजस्तै अघि
वा पछि कहिल्यै भएको छैन। २६ तापनि परमप्रभु आफ्नो
भयानक क्रोधको तापबाट फर्कनुभएन, जो मनश्शेले उहाँलाई रीस
उठाएको कारणले यहूदाको विरुद्धमा जाइ लागेको थियो। २७
यसैले उहाँले भन्नुभयो, “जसरी मैले इस्राएललाई निकालेको थिएँ,
त्यसरी नै यहूदालाई पनि म मेरो उपस्थितिबाट निकालिदिनेछु।
अनि मैले चुनेको यरूशलेम सहर, र जसको विषयमा मैले त्यहाँ
मेरो नाउँ रहनेछ भनी भनेको थिएँ, त्यस मन्दिरलाई म इन्कार
गर्नेछु।" २८ योशियाहको राजकालका अरू घटनाहरू र तिनले
गरेका सबै कार्यहरू के ती यहूदाका राजाहरूका इतिहासको
पुस्तकमा लेखिएका छैनन् र?

बिगत समयमा इस्राएल र परमेश्वरको बीचमा भएको करारलाई फेरि नविकरण गर्न राजा योशियाले यरुशलेममा सारा जनतालाई भेला गराए। भर्खरै भेट्टाएको व्यवस्थाको पुस्तक पढेर सुनाइयो। अनि सारा जनताले इस्राएलको परमेश्वरको नीतिनिर्देशनहरूलाई पालन गर्न सपथ खाए।

सुधारलाई लागु गराउन राजा आफै खटेन बरू उनले आत्मिक अगुवाहरूलाई जिम्मा लगाए। मानिसहरूलाई आत्मिक मार्गमा हिँडाउन जिम्मा लिएका धार्मिक अगुवाहरूले जे आवश्यक थियो सो काम गर्न तिनीहरूलाई खटाएका थिए। उदाहरणमा शताव्धीयौंसम्म इस्राएलाई बिभिन्न सामग्रीहरूले बिठुलो पारेको थियो। बिदेशबाट भित्राइएका देवीदेवताहरूलाई पूजाआजा गर्ने विभिन्न मूर्ती र प्रतिकहरू इस्राएलमा लोकप्रिय भएको थियो। तिनीहरू सबैलाई जम्मा गरेर मन्दिरमा थुपारे। कतिपय ती सामग्रीहरू इस्राएल र अरू देशसँग गरेको शान्ति सम्झौताको चिन्ह थियो भने अरू, सबैलाई खुशी पार्न अरू धर्मसँग सम्झौता गरेर राजाहरू चलेको चिन्ह थिए। परमेश्वरको व्यवस्था त्यागेर अरूको सामु आत्मसमर्पण गर्न राजी भएको देखाउन कतिपय मूर्तीहरू यरुशलेममा स्थापना भएका थिए। जे भएतापनि पवित्र भूमी मानिएको इस्राएलमा मानिसले बनाएका देवीदेवताहरूका मूर्ती तथा तिनीहरूको आराधना गर्न उपयोग गर्ने सामानहरूको स्थान थिएन र राजा योशियाले ती सबैलाई जम्मा गरेर नाश गर्न उर्दी दिए।

फेरि राजा योशियाको सुधारको काममा निस्तार चाडको पर्व मनाउन केवल परिवारमामात्र सिमित नराखेर राष्ट्रव्यापी मनाउने नै पर्व  घोषणा गरे। उनको सुधार भन्दा अघि परमेश्वरमाथि विश्वास गर्नेहरूले आआफ्नो घरमा मात्रै सुटुक्क मनाउँथे। अब सबै देशले नै एक भएर निस्तार चाड मनाउन थाले। पुरानो युगलाई त्यागेर नयाँ युगमा प्रवेश गरियो भन्ने मानिसहरूलाई सन्देश सुनाउन निस्तार चाडको राष्ट्रिय पर्व सुरू गरेको थियो। इजिप्टबाट निकालेर

ल्याउनु हुने, वाचा गरेको अनुसार सबै कूलहरूलाई बस्न जग्गा उपलव्ध गराउनुहुने र दैनिक जीवनमा साथ रहनुहुने सत्य सनातन परमेश्वरको सेवा गर्न प्रतिवद्धता देखाएको प्रमाणित गर्न राष्ट्रिय निस्तार चाड मनाइएको थियो।

सबै पुराना कुराहरू खतम हुनेछ र नयाँ युग सुरू हुनेछ भनेर राष्ट्रियरूपमा मनाइएको निस्तार चाडले देखाइएको थियो। हामी सेभेन्थ डे एडभेन्टिस्टहरूको निम्ति निस्तार चाड वा अखमरीको चलन के को प्रतिक थियो भनेर सिकाउँछ? हेर्नुहोस् १ कोरन्थी ५:७ "७ नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ।"

## उपसंहार

थप जानकारीः इस्राएल राष्ट्र कतिसम्म गिरियो र भ्रष्ट भयो भन्ने प्रमाण योशियाले गर्नुपरेको आमूल सुधारबाट छर्लङ्ग पार्दछ। परमेश्वरकै छत्रछायाँमा चलेको वा चल्नु पर्ने राष्ट्र, मानिसहरूलाई आत्मनिर्णयको स्वतन्त्राको नाउँमा भ्रष्टको गहिर्‍याइमा पुगेको देख्दा अचम्म लाग्ने स्वभाविकै हो। मानिस पापी भएको कारणले त्यो अधोगतिको अवस्थामा पर्न गएको बुझ्नुपर्नेमा अचम्म त मान्नुपर्दैन। अमेरिकाको प्रशिद्ध याल विश्वविद्यालयले एक प्रख्यात प्रयोगात्मक खोज अनुसुन्धान सन् १९६०को दशकमा गरेको थियो। मानव चरित्र कतिसम्म खस्किसकेको रहेछ भनेर नतिजाले प्रकट गराएको छ।

त्यस विश्वविद्यालयले गरिने खोज अनुसुन्धानको निम्ति अखबारमार्फत एक विज्ञापन निकालेका थिए। उपरोक्त विश्वविद्यालयले एक विज्ञापन छापेको थियो। त्यसमा केही स्वयंसेवकहरूलाई खोजअनुसुन्धानमा भाग लिन आह्वान गरिएको थियो। मेचमा सिक्रिले बाँधिएका मानिसहरूलाई बिजुलीको धक्का दिने ती स्वयंसेवकहरूको काम थियो। तिनीहरूले बिद्युतको

स्विचलाई बन्द वा खोल्दा स्विचको मुनी लेखिएको संकेत अनुसार चलाउनु पर्थ्यो। ती संकेतमा “अलिकती धक्का"" दिने देखि लिएर "खतराः गम्भिर धक्का" लेखिएको थियो। दुई स्विचहरूको मुनी ठूलो अझरले ‘**XXX**’ लेखिएको थियो। उपरोक्त प्रयोगशालामा रहेका वैज्ञानिकको आदेश अनुसार सहभागीहरूले मेचमा बाँधिएका मानिसहरूलाई बिजुलीको धक्का दिनुपर्थ्यो जुन मानिसहरू अर्कै कोठामा थिए। जब अर्को कोठामा रहेका मानिसहरूमा करेन्टको धक्काले पिडाको महसुस गर्थ्यो तब तिनीहरूले त्यो करेन्ट बन्द गर्न बिन्ती र चित्कार गर्थ्यो। यथार्थमा अर्को कोठामा रहेका मानिसहरू केवल नाटक मात्र गर्दथे, तिनीहरूमा करेन्टको धक्का लागेको हुन्दैनथ्यो। नर्मल वा सर्वसाधारण सहभागीहरूले तिनीहरूले नचिनेका मानिसहरूलाई कतिको पिडा दिइन्दै जानसक्दो रहेछ भनेर एक जना बैज्ञानिकले पत्ता लगाउँदैथ्यो। सहभागीहरूले वैज्ञानिकको आदेश अनुसार कोठामा रहेका कठित पिडा भोग्नेहरूलाई करेन्टको झड्का दिँदा उपरोक्त वैज्ञानिककै चाहना अनुसार खोजअनुसुन्धान गर्न उपरोक्त प्रयोग गरिरहेको थियो भनेर बुझेका थिए। त्यसको नतिजा भयानक थियो। हुनत कतिपय सहभागीहरूले अर्को कोठामा रहेका कठित करेन्टको सिक्रिले बाँधिएका मानिसहरूलाई करेन्टको झड्का दिँदा चिन्तित, बिचलित र क्रोधित पनि भएका थिए, तिनीहरूले खतरा तथा गम्भिर झड्का दिन हिचकिचाएनन्। तिनीहरूमा ६५ प्रतिशत सहभागीहरू थिए। मानव प्रवृत्तिको खोज अनुसुन्धान गर्ने गर्ने त्यस वैज्ञानिकले आफ्नो खोजअनुसुन्धानको नतिजाको लेखमा यसरी लेखेको थियो "सर्वसाधारण सहभागीहरूले केवल आफूलाई अऱ्हाएका अनुसार काम गरेको भनेर बुझेका थिए। करेन्टको झड्का पाउनेहरूसँग तिनीहरूको कुनै बैमनश्यता थिएन। यद्यपि अपरिचित मानिसहरूलाई पनि ध्वस्त पार्न मानिसहरू कतिको अग्रसर हुनसक्ने माध्यम सक्दो रहेछ।" कतिपय सर्वसाधारण मानिसहरूले अरू

नचिनेकै मानिसहरूलाई पनि पिडा दिइएका थिए भनेर इतिहासले कसरी बताइरहेको हुन्छ? र अहिले पनि त्यो प्रक्रिया कसरी जारी भइरहेको छ? हो, धेरै मानिसहरूले नजानेरनै अरूलाई धेरै पिडा दिइरहेका छन्। त्यसको जवाफ येशूका भक्तहरूलाई थाहा छ। हामीहरू पापी छौं र अरूको मोलमा हामी सम्पन्न हुन चाहन्छौं। अरूलाई कुनै न कुनै प्रकारले दुःख दिन चाहने प्रवृत्तिले (अनेकन वस्तुहरू जस्तै घाटक हतियार, चुरोट, मध्यपान आदि आविश्कार गरेर) मानिसहरू किन उक्सिरहेका छन् भनेर बाइबलका विद्यार्थीहरूलाई थाहा छ।

**चिन्ततमननः**

अ. हामीहरूको जीवनमा परमेश्वरको वचन कतिको गरिमामय र महत्त्वपूर्ण रहेछ भनेर योशियाको सुधारको कार्यक्रमले कसरी बताउँछ?

आ. वर्तमान परिप्रेक्ष्यमा एक महत्त्वपूर्ण प्रश्न खडा हुनसक्छः यदि संसार ध्वस्त हुने कुरामा कुनै दुईमत छैन र हुनेनै छ भनेर थाहा पाउँदा पाउँदै पनि पश्चाताप, आत्मिक जागरण र सुधारको आवश्यकताको आह्वान किन? मानिसहरूलाई परमेश्वरतिर फर्क भन्ने आवाजको औचित्य के छ? तपाईंले त्यसको जवाफ कसरी दिन सक्नुहुन्छ? देशका आमजनताहरूलाई भन्दा व्यक्तिगत रूपमा मात्रै परमेश्वरतिर फर्कने आह्वानले असर पार्न सक्छ भन्ने निचोड तपाईंको जवाफमा कसरी पाउन सक्छ?